म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १६९ | बुधबार, १६ माघ २०८१ | ने. सं. ११४५ पोहेलागा | 29 January 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

- ☞ जलवायु परिवर्तन र यसवाट पर्ने असरवारे सचेत गराऔं,
- ☞ वोटविरुवा लगाऔं हरियाली प्रर्वधन गरौं,
- ☞ नविकरणीय उर्जाको प्रयोग गरौं,
- ☞ फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- ☞ जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
- ☞ पानीका स्रोतहरूको संरक्षण गरौं,
- ☞ वनजंगलको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कैलाशको बजेट संशोधन, ९ चेली सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाले २ करोड ३० लाख रुपैयाँ थप आयव्यय अनुमान सहित चालू आर्थिक वर्ष २०८१/८२ को बजेट संशोधन गरेको छ ।

चालू आवमा २७ करोड ३७ लाख रुपैयाँको बजेट बनाएको गाउँपालिकाले सोमबारको १५ औं गाउँसभाबाट २ करोड ३० लाख २४ हजार रुपैयाँ थप अनुमानसहित बजेट संशोधन गरी २९ करोड ६७ लाख ४४ हजार रुपैयाँ बनाएको हो । थपिएको बजेट आन्तरिक स्रोतबाट प्राप्त हुने अनुमान गरिएको छ । गाउँसभाको बैठकमा उपाध्यक्ष बालकुमार मल्लले बजेट संशोधन, परिमार्जन, रकमान्तर तथा थप गर्नका लागि प्रस्ताव पेश गरेकोमा गाउँसभाबाट सर्वसम्मतिले पारित गरेको हो । गाउँसभाबाट चालुतर्फको ८ वटा योजनामा थप बजेट र ६ वटा नयाँ योजनामा ३४ लाख ६३ हजार रुपैयाँ बजेट थप गरिएको छ ।

पुँजीगततर्फ ३४ वटा योजनामा बजेट थप गरिएको छ भने २९ वटा नयाँ योजना थपिएका छन् । पुँजीगततर्फ ३५ करोड २० लाख ५ हजार रुपैयाँ बजेट थप गरिएको छ । गाउँसभाबाट चालुतर्फ २५ वटा योजनाको रकमान्तरण गरिएको छ भने पुँजीगततर्फ १४ योजनाको र कमान्तर गरिएको छ ।




गाउँसभाबाट खानेपानी सरसफाई ऐन र पशुस्वास्थ्य तथा पशुसेवा ऐन पारित गरिएको छ । ३ वटा ऐन संशोधन गरिएकोमा २७ वटा कार्यविधि संशोधन गरिएको छ । गाउँपालिकाले बालबिवाह न्युनीकरकणका लागि बिगतका वर्षदेखि नै सुरु गरेको चेली प्रोत्साहन कार्यक्रमलाई यसवर्ष पनि निरन्तरता दिएको छ ।

कम्तिमा १२ पास गरी २० वर्ष उमेर पार भएर मात्र बिवाह गर्ने चेलीलाई गाउँपालिकाले नगद सहित सम्मान गरेको हो । मंगलबार गाउँपालिकाको १५ औं हिउँदे अधिवेशनका अवसरमा ९ जना चेलीलाई नगदसहित सम्मान गरिएको थियो । गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान, उपाध्यक्ष मल्ल, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठलगायतले प्रतिव्यक्ति २० हजार रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गरेका हुन् ।

सम्मानित हुनेहरुमा अम्बिका अर्याल, अनिता रुम्बा, कैलाश-९ का कल्पनामाया घलान, कैलाश-९ का सविना रुम्बा, कैलाश-६ का हीरा मुक्तान, वडा नम्बर ९ कि देवकी बर्तौला, वडा नम्बर १० कि लक्ष्मी ब्लोन, शान्ति तितुङ र अबिगेल प्रजा रहेका छन् । गाउँपालिका अध्यक्ष मुक्तानले विवाहअघि कम्तिमा पनि १० जोड २ पास गर्नुपर्ने र उमेर २० वर्ष पूरा हुनुपर्छ भन्ने सन्देश दिनका लागि प्रोत्साहन कार्यक्रम राखिएको बताए ।

उनले देशभरका स्थानीय तहमध्ये यो कार्यक्रम पृथक कार्यक्रम भएको बताए । गाउँघरमा छोरीलाई बालबिवाह गर्ने, पढाइबाट बञ्चित गर्ने चलन अझै रहेको बताउँदै उनले यस्ता कार्यक्रमले सकारात्मक सन्देश जाने विश्वास व्यक्त गरे । उपाध्यक्ष मल्लले कार्यक्रमलाई बृहतरुपमा विस्तार गर्दै लैजाने बताए । उनले २० वर्ष पूरा भएपछि मात्र विवाह गर्न चेतना फैलियोस र परिपक्व भएपछि मात्र विवाह गर्नुपर्छ भन्ने सन्देश दिन यो कार्यक्रम आयोजना गरिएको बताए । गाउँपालिकाले हरेक वर्ष चेली प्रोत्साहन कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ ।

सभामा पालिकाले विभिन्न विधामा व्यक्ति तथा संस्थाहरु सम्मान गरेको छ । सञ्चारकर्मीतर्फ पोष्टराज अधिकारी, पूर्वशिक्षकतर्फ ढोडाई चौधरी र तारणीप्रसाद चौधरी, सहजकर्तातर्फ पार्वती खतिवडा, शिक्षकतर्फ शान्ति खतिवडा र अर्जुनप्रसाद लामिछाने, विद्यार्थीतर्फ कृष्टिना बानियाँ, हरिओम बर्तौला र विवस अर्याल, प्रधानाध्यापकतर्फ लक्ष्मीदेव घिसिङलाई सम्मान गरिएको थियो ।

कृषकतर्फ श्यामबहादुर गोले, मेड्पा उद्यमीतर्फ कुमारीमाया मुक्तान, कार्यालय सहयोगीतर्फ रामप्रसाद प्रजा, सामाजिक परिचालकतर्फ राजेन्द्र थिङ, सिनियर अनमीतर्फ तारा थापा, सिनियर अहेवतर्फ सुधिरकुमार कुशवाहा, प्राविधिक सहायकतर्फ दीपेन्द्र अधिकारी, निर्माण व्यवसायी तर्फ आयूश्री विर्ल्डसका चेतबहादुर थापा, उपभोक्ता समिति अध्यक्षतर्फ हरिदास रिजाललाई सम्मान गरिएको थियो ।

# प्रेस सेन्टरको स्थापना दिवसमा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ प्रेस सेन्टर मकवानपुरले हेटौंडामा मंगलबार अन्तरक्रियाको आयोजना गरेको छ । प्रेस सेन्टर नेपालको २१ औं स्थापना दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछानेले तथ्यपूर्ण र जनपक्षीय पत्रकारितामा जोड दिएका छन् । हाल सामाजिक सञ्जाल प्रयोगकर्ताबाट र केही पीतपत्रकारितामार्फत् गलत एवम् भ्रमपूर्ण सूचना तथा समाचार प्रकाशन, प्रसारण भइरहेको सन्दर्भमा जनमानसमा अन्यौलता सिर्जना हुने गरेको बताए । यस किसिमको गलत र भ्रमपूर्ण सूचना र समाचारलाई श्रमजीवि जनपक्षीय पत्रकारितामार्फत् स्पष्ट पार्दै सत्य-तथ्य पत्रकारितामा उनले जोड दिए ।

हाल सार्वजनिक निकायले सूचना लुकाउने प्रचलन रहेको भन्दै यसमा पत्रकारिताको भूमिका महत्वपूर्ण हुने केन्द्रीय सदस्य लामिछानेले बताए । नेकपा माओवादी केन्द्र मकवानपुरका अध्यक्ष भीम पाखिनले देश समाजवाद उन्मुख प्रक्रियामा रहेकाले यससँग सम्बन्धित आधार अबको पत्रकारिताको विषयवस्तु बन्नुपर्नेमा जोड दिए । नेकपा माओवादी केन्द्र बागमती प्रदेश सचिवालय सदस्य एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले समाजमा नकरात्मक सूचनाको प्रभाव बढ्दै गइरहेकाले पत्रकारिताले यसलाई रोक्नुपर्नेमा जोड दिए ।




प्रेस सेन्टर नेपालका केन्द्रीय महाधिवेशन आयोजक समिति सदस्य मनोज ढोडारीले प्रेस सेन्टर मकवानपुरका संस्थापक दिवंगत कौशल पाण्डेको स्मरण गरे । स्व. पाण्डेको योगदानका कारण सेन्टर मकवानपुरले हालको गरिमा प्राप्त गरेको उल्लेख गर्दै उनले पाण्डेको योगदानका बारेमा चर्चा गरे । प्रेस सेन्टर बागमती प्रदेश समितिका महासचिव ध्रुव अधिकारले प्रविधिको विकाससँगै छिटो सूचना तथा समाचार प्रदान गर्ने क्रममा पत्रकारितामा कमजोरी हुने गरेको उल्लेख गर्दै पत्रकारिता जगत् यस सम्बन्धमा सधैं समीक्षा गर्दै अघि बढ्नुपर्ने सुझाव व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले सामाजिक उत्तर दायित्वसहितको जवाफदेही पत्रकारितामा जोड दिए । पत्रकारिता गरिरहँदा कतै पत्रकारिताका नाममा अपराध त भइरहेको छैन भनेर सधैं समीक्षा गर्दै चनाखो भएर अघि बढ्न पत्रकारलाई अधिकारीले सुझाव दिए । कार्यक्रममा प्रेस चौतारी नेपाल मकवानपुरका उपाध्यक्ष पुष्पराज अधिकारी, प्रेस युनियन मकवानपुरका सचिव बलराम पुडासैनी, समाजवादी प्रेस संगठनका अध्यक्ष शिव चौलागाईलगायतले शुभकामना व्यक्त गरेका थिए ।

सेन्टर मकवानपुरका उपाध्यक्ष अशोकसुजन श्रेष्ठको सञ्चालनमा भएको अन्तरक्रियामा प्रेस सेन्टर नेपाल केन्द्रीय अनुशासन समिति सदस्य भानुभक्त आचार्य, बागमती प्रदेश समिति सदस्य भावना रिजाल, मीना श्रेष्ठ, प्रेस सेन्टर मकवानपुरका निवर्तमान अध्यक्ष अञ्जली थापा, आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरका अध्यक्ष नवराज वाईबासहितको सहभागिता थियो । कार्यक्रम प्रेस सेन्टर मकवानपुरका अध्यक्ष एमपी शर्माको अध्यक्षतामा भएको हो ।

# बागमती प्रदेशसभाको बैठक १८ माघमा आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ बागमती प्रदेशसभाको बैठक आह्वान भएको छ । प्रदेश सरकारको सिफारिसमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले १८ माघको बिहान ११ बजे बस्ने गरी प्रदेशसभाको अधिवेशन आह्वान गरेका हुन् ।

प्रदेशको हिउँदे अधिवेशन आह्वानका लागि गत ११ माघमा बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले सिफारिस गरेअनुसार प्रदेश प्रमुखबाट १८ माघमा बस्ने गरी बैठक आह्वान भएको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले बताए ।

प्रदेशप्रमुखले हिउँदे अधिवेशन आह्वान गरेको पत्र मंगलबार नै प्रदेशसभा सचिवालयमा दर्ता भएको छ । सचिवालका प्रमुखसचिव कृष्णहरि खड्काले निर्धारित समयमा बैठक सञ्चालनका लागि सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिए । बागमती प्रदेशसभाको अघिल्लो अधिवेशन १० असोजमा अन्त्य भएको थियो ।

# चालुखर्च २० प्रतिशतले कटौती




साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजित बजेटमा चालुतर्फको खर्च कटौती गरेको छ । पुंजीगततर्फ चालु आवमा खर्च गर्न विनियोजित खर्चका शीर्षक र रकमलाई यथावत् राखी चालुतर्फको खर्च २० प्रतिशतले कटौती गर्ने निर्णयमा प्रदेश सरकार पुगेको हो ।

बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले विपतपछिको पुनर्निर्माण लगायत कार्य गर्न चालुखर्च कटौती गरेको बताए । उनले प्रदेशका मन्त्रालय, निकाय र प्रदेश सरकार मातहतका सबै कार्यालयको चालु बजेटखर्चमा २० प्रतिशतले कटौती गर्ने गरी मन्त्रालयमा जानकारी गराइसकिएको र मन्त्रालयले मातहतका निकाय र कार्यालयमा चालुतर्फको बजेटखर्च कटौती गरी चालु आवमा खर्च गर्न सक्ने व्यवस्था गरिएको बताए ।

गत असोजको दोस्रो साताको बाढीपहिरोका कारण प्रदेशका विभिन्न जिल्लामा जनधनको क्षति भएपछि चालुतर्फका शीर्षकमा विनियोजन गरिएको बजेट कटौती गर्ने निर्णयमा प्रदेश सरकार पुगेको हो । प्रदेश सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले विपत्पछि सृजित पुनर्निर्माणलगायत समस्या सम्बोधन गर्न चालु बजेट खर्चमा कटौती गर्ने प्रदेश सरकारले निर्णय गरेको जानकारी दिए ।

उनले गत असोजको बाढीपहिरोपछि राहत, उद्धारलगायत शीर्षकमा खर्च भएको र प्रदेशमा विभिन्न जिल्लामा विपतपछि भौतिक पूर्वाधारका संरचनामा क्षति पुगेका क्षेत्रमा चालुतर्फका विभिन्न शीर्षकमा विनियोजित बजेट २० प्रतिशतले कटौती गरिएको र त्यसले तत्काल मर्मतसम्भार, पुनर्निर्माणलगायत कार्यमा खर्च गर्ने योजना अगाडि बढाइएको बताए ।

# बिबाहको उमेर २० बर्ष नै कायम गर्न ध्यानाकर्षणपत्र हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ मकबानपुरमा कार्यरत सामाजिक संघसस्थाले प्रमुख जिल्ला अधिकारी मार्फत् कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारमा बिबाहको उमेर २० वर्ष नै कायम गर्नको लागि ध्यानाकर्षणपत्र हस्तान्तरण गरेको छ ।

प्रतिनिधिसभा कानुन न्याय तथा मानवअधिकार समितिद्वारा गठन गरेको उपसमितिमार्फत् २०८१ माघ २ गते बिबाहको उमेर १८ वर्षमा झार्न सुझाव दिएको विषयमा नागरिकसमाज, गैरसरकारी संस्थाको ध्यानाकर्षण भई बिबाहको उमेर २० वर्ष नै कायम गर्न गराउन प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालमार्फत कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारमा हस्तान्तरण गरिएको हो ।

ज्ञापनपत्रमा उल्लेख भएको ब्यहोराको बारेमा बालकल्याण समाजको अध्यक्ष प्रकाश खतिवडाले बिगतमा भएका बिभिन्न अध्ययन, अनुसन्धान अनुसार बालबालिकाको शिक्षा, स्वास्थ्य, मानशिक परिपक्वताको दृष्टिले बिबाहको उमेर २० वर्ष कायम गरी नीतिनियम र ऐन कानुन तय गरिएको बताए । कम उमेरमा बिबाह हुँदा छिटो गर्भवती हुने, बालबालिकाको मृत्यु हुनसक्ने, गर्भवती आमा र बच्चा दुबैको स्वास्थ्यमा गम्भिर जोखिम पुग्न सक्ने खतिवडाले बताए ।

कम उमेरमो विवाह हुँदा किशोरकिशोरी, महिला तथा युवाको स्वास्थ, शिक्षामा समेत प्रत्यक्ष असर गर्दछ । बालविवाहले बालबालिका



तथा किशोरकिशोरीलाई आधारभूत अधिकारबाट वञ्चित मात्र गराउँदैन उनीहरु भविष्यको छनोट गर्ने अधिकार तथा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट वञ्चित हुन्छन् । विशेषगरी बालिका र महिलाको सन्र्दभमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सिर्जना गरी थप हिंसाको शिकारमा पर्नसक्ने अवस्था रहन्छ ।

बालविवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या देखिने, लैङ्गिकहिंसा, यौनजन्यहिंसा, बालश्रम, बेचबिखन जस्ता थप जोखिमले बालबालिका र महिला थप प्रभावित हुन पुग्ने बताइएको थियो ।

ज्ञापनपत्र मानवअधिकार संरक्षण तथा मानव बेचबिखन बिरुद्धको संजालको अध्यक्ष आरती पाठकलगायत मानवअधिकार संगठनको अध्यक्ष शर्मिला श्रेष्ठ, कोशिशको पैरबी अधिकृत सुनिरा लामा, हिमराईट्सको कार्यक्रम संयोजक कुमारी वाईबा, माइती नेपालको कार्यक्रम संयोजक माया लामा, शान्ति फाउण्डेसनको जिल्ला अधिकृत सीता गुरुङ, साना हातहरुको स्टेशन म्यानेजर डिकम्बर रुपाचा, नारी संरक्षण केन्द्रको अध्यक्ष दीपा गुरुङ, सुनिता फाउण्डेशनको प्रतिनिधि सुमित्रा घलान, अस्मीता नेपालको मुकेश कुशवाहले संयुक्त रुपमा प्रमुख जिल्ला अधिकारी चिरुवाललाई हस्तान्तरण गरेका थिए ।

विद्यालयका बालबालिकाले बिबाहको उमेर २० वर्ष कायम गराई पाउन भनि लेखिएको पत्र अस्मिता नेपालको थापाबहादुर दोङले बाचन गरेका थिए । हस्तान्तरण गरिएको ध्यानाकर्षणपत्र बुझ्दै समयमै कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारमा पठाईदिने बचनबद्धता गर्दै संघसंस्थाले उठान गरेको विषयको प्रजिअ चिलुवालले सम्मान गरेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- ☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# शिक्षा विधेयकप्रति गुनासो

लामो समयदेखि छलफल चलिरहेको शिक्षा विधेयकमा संघीय संरचनालाई प्रभावकारीरुपमा समावेश नगरिएको भन्दै प्रदेश सांसदहरुले गुनासो गरेका छन् । संघीय संसदअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको आयोजनामा भएको शिक्षा विधेयक सम्बन्धनमा प्रदेशस्तरीय अन्तरक्रियामा प्रदेश सांसद तथा कर्मचारीले विधेयकले प्रदेश सरकार चिन्न सक्ने अवस्था नरहेको बताएका हुन् । विद्यालय शिक्षाको हकमा प्रदेश सरकारलाई अध्ययन, अनुसन्धान तथा नियमनकारी भूमिका र लगानीको जिम्मेवारी दिन जरुरी रहेको उनीहरुले औंल्याएका हुन् । लामा समयदेखि गर्भमै रहेको विद्यालय शिक्षा ऐनको सम्बन्धमा प्रदेशस्तरमा छलफल चलिरहेको छ । विद्यालय शिक्षा ऐनको अभावमा शैक्षिकक्षेत्र नै ध्वस्त भएको अवस्था छ । पञ्चायती कालमा बनेको थोत्रा ऐनलाई भजाएर सत्तामा पुग्ने दलहरुले पनि ऐन ल्याउन खासै पहल गरेको देखिएन । संविधानसभामा पुग्ने करिव सय जना सभासद बिभिन्न कालखण्डका शिक्षक नै थिए । तर, तिनै शिक्षक पदमा पुगेपछि अन्धभक्त बन्न पुगे । पछिल्लो समयमा शिक्षा बिधेयकले गति लिन खोजेको अवस्था छ । प्रदेश सांसद पुस्पा भुजेलले शिक्षाको अधिकार प्रदेशलाई प्रदान गर्ने व्यवस्था ऐनमा हुनुपर्ने बताइन् । आवासीय मोडलमा विद्यालय शिक्षाको विकास गरिनुपर्ने भएकाले ऐनलाई सोहीबमोजिम निर्देशित गरिनुपर्ने उनको भनाइ थियो । शिक्षाका संरचनालाई ऐनमा नै व्यवस्था गरेर काम गर्नुपर्नेमा उनले जोड दिइन् । दक्षशिक्षक तयार तथा शिक्षाको गुणस्तर विकास गर्न लगानीलाई बढाउनुपर्ने पनि सांसद भुजेलले बताइन् ।

शिक्षा ऐनले शिक्षाको मात्र नभई अभिभावकको भूमिकालाई पनि समेट्नुपर्ने उनले धारणा व्यक्त गरिन् । कार्यक्रममा सांसद गोविन्द लम्सालले शिक्षालाई उत्पादनसँग जोड्दै अघि बढ्न जरुरी रहेको औंल्याए । प्रदेश सरकारको अधिकारक्षेत्र निर्धारण गरी गुणस्तरीय शिक्षाको व्यवस्था गर्दै सीपयुक्त जनशक्ति निर्माणमा अघि बढ्नुपर्ने उनको भनाइ थियो । सांसद रमा आलेमगरले विद्यार्थीलाई नैतिकवान बनाउन नैतिकशिक्षा अपरिहार्य रहेको बताइन् । विद्यार्थीलाई पढ्दै कमाउँदै जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिइन् । प्रदेश सरकारलाई उपेक्षा गरेर विद्यालय शिक्षाको गुणस्तर कायम गर्न नसकिने उनले दाबी गरिन् । वर्तमान शिक्षा र परीक्षा प्रणालीले बेरोजगार जनशक्ति उत्पादन गरेको भन्दै यसलाई खारेज गरिनुपर्ने प्रदेश सांसद उर्मिला लामाले बताइन् । वर्तमान शिक्षा प्रणालीका कारण विद्यार्थीमा निराशा पैदा गर्ने काम भइरहेको उनको भनाइ थियो । शिक्षामा व्यावसायीकरण गर्दै नेता र मन्त्रीहरूको लगानी गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने र श्रम र रोजगारीसँग जोड्ने गरी प्राविधिक शिक्षा जरुरी रहेको उनले बताइन् । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैरेले विद्यालयशिक्षामा प्रदेशको भूमिका स्पष्ट हुनुपर्ने र तत्कालीन शिक्षा कार्यालय तथा शिक्षा समन्वय ईकाईको अधिकार प्रदेशलाई प्रदान गरिनुपर्ने बताए ।

शिक्षण सिकाइको प्रणाली सुधार गर्दै विषयगत ल्यावको निर्माण गरेर प्रयोगात्मक शिक्षाको विकास र सीपयुक्त जनशक्ति निर्माणमा अग्रसर हुनुपर्नेमा सचिव गैरेले जोड दिए । सामाजिक विकास मन्त्रालयका अधिकृत रुद्ध शर्माले शिक्षाको सैद्धान्तिक धरातल र मूल्यांकन कायम गरिनुपर्ने बताए । शिक्षाको गुणस्तर मापदण्ड निर्धारण गरेर आवश्यकताको आधारमा लगानी गरिनुपर्ने उनको भनाइ थियो । परीक्षा व्यवस्थापन, अनुसन्धान, अनुगमन तथा मूल्यांकनलगायत क्षेत्र प्रदेशमा रहने गरी ऐन निर्माण गर्नुपर्नेमा उनले जोड दिए । शिक्षा निर्देशनालय बागमती प्रदेशका महानिर्देशक खुबिराम अधिकारीले शिक्षा विधेयकका कुनै पनि दफामा प्रदेश सरकारको भूमिका स्पष्ट हुन नसकेको बताए । मातृभाषा शिक्षा तथा नि:शुल्क शिक्षाको अधिकार प्रदेशमा भएपनि लगानी गर्ने अधिकार कानुनले दिन नसकेको अधिकारीको भनाइ थियो । शिक्षा समन्वय संरचनालाई प्रदेशमा व्यवस्थापन गर्नुपर्ने र ऐच्छिक विषयको पाठ्यक्रम निर्माण प्रदेश सरकारलाई उपलब्ध गर्ने गरी विधेयकमा व्यवस्था गरिनुपर्ने अधिकारीले जोड दिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १७ गते बिहीबार ३० जनवरी २०२५ । प्रतिपदा, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:४२ । सोनाम ल्होसार । श्री बल्लभ जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# आम मान्छेलाई यसरी छुन्छन् ट्रम्पका कार्यकारी आदेशले



✍ अमृता लम्साल

सन् २०१७ मा अमेरिकाको पैंतालीसौं राष्ट्रपति भएका डोनाल्ड जोन ट्रम्प फेरि निर्वाचन जितेर, २०२५ जनवरी २० मा सोही देशको सत्चालीसौं राष्ट्रपतिको पदभार ग्रहण गरेका छन् । यसमा रमाइलो त के छ भने, पटकपटक पैसा तिरेर यौन सम्बन्ध राखेको, महिलाहरूलाई यौन दुर्व्यवहार गरेकोसमेत आरोप लागेर अदालतमा मुद्दा चलाइएका राष्ट्रपतिले दुबैपटक महिला उम्मेदवारलाई नै हराएर उक्त पद प्राप्त गरेका छन् । सन् २०१६ को राष्ट्रपतीय निर्वाचनमा ट्रम्पकी प्रतिद्वन्दी हिलारी क्लिन्टनले, ट्रम्पकोभन्दा २ दशमलव एक प्रतिशन बढी पपुलर भोट ल्याएकी थिइन्ह तर अमेरिकाको राष्ट्रपति पदमा निर्वाचित हुन पपुलर भोट बढी ल्याएर हुँदैन, इलेक्टोरल भोट बढी ल्याउन पर्छ । राष्ट्रपति चुन्नका लागि ५३८ इलेक्टोरल भोटले महत्वपूर्ण भूमिका खेलेको हुन्छह उक्त भोटमध्ये, राष्ट्रपति निर्वाचित हुन २७० मत हुनैपर्छ । उक्त निर्वाचनमा ट्रम्पले ३०४ मत प्राप्त गरेका थिए भने हिल्यारीले २२७ मात्र इलेक्टोरल मत पाएकी थिइन् । त्यसैगरी सन् २०२४ को राष्ट्रपतीय निर्वाचनमा ट्रम्पले आफ्नो प्रतिद्वन्दी कमला ह्यारिसलाई ३१२ इलेक्टोरल मत प्राप्त गरेर हराएका थिए कमलाको २२६ मात्र मत आएको थियो ।

सन् २०१७ जनवरी २० मा देशको पैंतालीसौं राष्ट्रपतिले शपथ लिएको भोलिपल्टै, अर्थात् २१ जनवरी २०१७ को दिन, एकातिर नेशनल क्याथेड्रलमा नवनियुक्त राष्ट्रपति ट्रम्पको स्वागत भइरहेको थियो भने, अर्कोतिर लाखौं महिलाहरु, उनको विरोधमा सडकमा उत्रिएका थिए । त्यो दृश्य देख्दा लागेको थियो, अब भने महिलाहरु सशक्तीकरणको बाटोमा अगाडि बढेछन्ह तर, ती सबै कर्कलोको पातमा पानीको थोपाजस्तोमात्रै देखियो । त्यो दिन त्यहाँमात्रै महिलाहरूले विरोध प्रदर्शन गरेका थिएनन्ह विश्वका थुप्रै देशमा महिलाहरु सडकमा ओर्लिएका थिए । कतिपय देशका महिलाहरू त लामो प्लेन यात्रा गरेर मार्चमा भाग लिन अमेरिका पुगेका थिए ।

सन् १९९५ मा चीनको राजधानी बेइजिङ्गमा भएको चौथो विश्व महिला सम्मेलनमा तत्कालीन अमेरिकी प्रथम महिला हिल्यारी क्लिन्टनले गरेको भाषणले प्रसिध्द बनाएको वाक्य, 'वीमेन्स् राइट्स आर ह्युम्यान राइट्स'लाई उक्त दिनले पूर्ण रुपमा चरितार्थ गरेको भान गराएको थियो । उनीहरु अब अन्याय सहेर बस्दैनन् बन्ने तथ्यलाई प्रमाणित गराउँछ जस्तो लागेको थियो । तर, ती सबै कुराहरू पानीको थोपा फुटेजस्तै फुटेर गए । र, उनै व्यक्ति अर्थात ट्रम्प राष्ट्रपतिको पदमा आसीन भएका छन् । त्यतिबेला पनि ट्रम्पले सत्ता सम्हाल्ने बित्तिकै, वरिपरि पुरुषहरूको घेरामा बसेर २०१७ को जनवरी २३ मा गर्भपतनविरुध्द 'कार्यकारी आदेश'(एक्ज्युकेटिव अर्डर) साइन गरेह जसले गर्दा, अमेरिकामामात्रै होइन, विश्वभरि नै महिलाको प्रजनन स्वास्थ्यमा हुने खर्च र नीतिहरूमा असर पारेको थियो ।

उनको प्रथम कार्यकालको अर्को कार्यकारी आदेश आप्रवासको विरुध्दमा थियो । हुन त, यसपटक पनि ट्रम्पले शपथ ग्रहण गर्नुभन्दा ६ दिन अगाडि, जनवरी ६ को दिन राजधानी वाशिङ्टनमा अमेरिकाका विभिन्न राज्यका मानिसहरू भेला भएर विरोध ऱ्याली गरेका थिए । उक्त ऱ्याली गर्नुको उद्देश्य महिलाको प्रजनन अधिकार, ट्रान्सजेन्डरको अधिकार, आप्रवासीका कुरा, जलवायु परिवर्तनको पक्ष आदिजस्ता विषयहरू थिएह जुन विषयहरू ट्रम्पले आफू सत्तामा आएपछि हटाउँछु भनेर निर्वाचनको घोषणा गरेदेखि नै र चुनाव प्रचार प्रसारको क्रममा भनेका थिए । उक्त ऱ्यालीलाई 'पिपुल्स मार्च'को नाम दिइएको थियो । त्यस्तै ऱ्याली देशभरिको विभिन्न राज्यहरूमा गरेर ३५० वटा निकालिएको थियो ।

ती सबै कुरालाई नकार्दै ट्रम्पले शपथ गरे पश्चात् पहिलो दिनमै २६ वटा कार्यकारी आदेशमा सही गर्नुका साथै, आफूभन्दा अगाडिका राष्ट्रपति जो बाइडेनले गरेका ७८ वटा आदेशहरू खारेज गरिदिए । जबकि, पहिलो दिनमा, उनीभन्दा पहिलेका सन् २००१ देखि २०२४ सम्मका राष्ट्रपतिहरूमध्ये बराक ओबामाले पहिलो कार्यकालमा २ वटा, ट्रम्प आफैंले पहिलो कार्यकालमा एउटा, जो बाइडेनले ९ वटा आदेश जारी गरेका रहेछन् । उनले त सन् २०१७ जनवरी ६ को दिन युएस क्यापिटलमा हमला गर्नेहरू, जो जेलमा थिए, उनीहरूलाई समेत कार्यकारी आदेशमार्फत माफी दिए । आखिर, यो कार्यकारी आदेश भनेको के हो त ?

यो आदेश, राष्ट्रपतिले फेडरल गभर मेन्ट सञ्चालन गर्न दिने आदेश होह जसका लागि कंग्रेसको सहमति चाहिँदैन र सांसदहरूले त्यसलाई उल्ट्याउन पनि सक्दैनन् । तर पनि, ती आदेशहरू पालना गराउन फन्ड नदिने वा अन्य बाधा अड्चन खडा गर्ने काम गर्न सक्छन् । यस मामिलामा यसपालिको यो अधिकार, अमेरिकी संविधानको आर्टिकल दुईले राष्ट्रपतिलाई दिएको छ । यसरी दिइने आदेशहरूमध्ये अधिकांश आदेश फेडरल एजेन्सीहरूले प्रस्ताव गरेपछि मात्रै राष्ट्रपतिले सही गर्छन् । तर, ट्रम्पले पहिलो दिनमै आफ्ना चुनावी नाराहरू कार्यान्वयन गर्न आदेशमा सही गरिसकेका छन् ।

ट्रम्पले पहिलो दिनमा दिएका आदेशहरूमध्ये विश्वका नागरिकहरू समेतलाई गहिरो असर पर्नसक्ने आदेश, विश्व स्वास्थ्य सङ्गठनबाट अमेरिकालाई अलग राख्ने निर्णय, जलवायु परिवर्तनसँग सम्बन्धित हरितगृह ग्यासको नियन्त्रणसम्बन्धी पेरिस सम्झौताबाट अमेरिका निस्किनु र अमेरिकामा जन्मने बित्तिकै (केही अपवाद छाडेर) अमेरिकी नागरिक बन्न पाउने संवैधानिक अधिकारबाट वञ्चित गराउने आदेशले भने विश्वका धेरै मुलुकका वासिन्दालेसमेत चासो राखेका छन् ।

विश्व स्वास्थ्य सङ्गठनबाट अमेरिका अलग हुने आदेशको समाचार पढे लगत्तै नेपालमा पनि चासो राखिएको थियो । समाचार माध्यमहरूमा प्रतिक्रिया पनि आएका थिए । यसै सन्दर्भमा, सरुवा रोग, इन्टर्नल र ट्राभल मेडिसिन विज्ञ डक्टर अनुप सुवेदीसँग त्यसको असर नेपाललाई कस्तो पर्छ ? भनेर प्रश्न राखेकी थिएँ । डा. सुवेदीको जवाफ थियो, 'समग्र विश्वलाई नै असर गर्ने कुरा भयो । दशकौंदेखि पश्चिमा देशहरूले नै बनाएको वैश्विक जनस्वास्थ्य रेस्पन्स प्रणालीको सबैभन्दा महत्वपूर्ण संस्थालाई यसको सायद सबैभन्दा ठूलो दाता र विशेषज्ञ सप्लायरले पैसा नदिने भनेपछि आसन्न महामारी (एच ५ एन १ फ्लु) अनि अनेक अरू वैश्विक प्रकृतिका संकटप्रतिको रेस्पन्स नै निकै कमजोर हुनेछ । नफैलिनुपर्ने रोग विश्वभर फैलेलान् आदि । नेपालको स्वास्थ्य प्रणालीलाई दशकदेखि, आफ्नैले क्षमता विकास गर्न दशकौंको समय हुँदाहुँदै पनि मुख्यतया डब्लुएचओ र अन्य आइएनजीओको सहयोग वा विशेषज्ञतामा आश्रित बनाइएको छ । यदि त्यसको आर्थिक स्रोत खुम्चियो भने त्यसले यहाँ दिने सहयोग पनि केही खुम्चिएला र त्यसले केही लाभदायक कार्यक्रमलाई पनि प्रभावित गर्ला ।'

हुन त, विश्व स्वास्थ्य संगठनले अमेरिकाले दिएको आर्थिक सहयोग सिधै नेपाललाई दिने पनि होइनह तर, जब संस्थामा नै पैसा कम भएपछि उक्त संस्थाले कसरी काम गर्छ भन्ने प्रश्न हो । संगठनले खाद्यसुरक्षा, खोप, औषधिको परीक्षणलगायतका क्षेत्रमा विश्वव्यापी मापदण्डसमेत निर्धारण गर्छह जुन कुरा एउटा व्यक्ति स्वस्थ भएर बाँच्न अत्यावश्यक छ । यी कुराहरू कम विकसित तथा आर्थिक स्तर कम भएका मुलुकहरूले आफ्नै आर्थिक योगदानबाट गर्न सक्दैनन् । नेपालमा, विश्व स्वास्थ्य संगठनले कोभिडको बेलामा खेलेको भूमिका ज्यादै महत्वपूर्ण छ । त्यतिबेला, संगठनले नेपालको स्वास्थ्य संरचनाले धान्न सकेन भनेर आपतकालीन सहयोगको लागि समेत आह्वान गरेको थियो । त्यसैले पनि ट्रम्पले अमेरिकालाई संगठनबाट बाहिर निकाल्दा चासो र चिन्ता बढेको हो ।

राष्ट्रपति ट्रम्पले पहिलो दिन दिएको अर्को कार्यकारी आदेश, जसको अत्याधिक चर्चा भएको छ, त्यो हो अमेरिकामा जन्मिने बित्तिकै अमेरिकी नागरिक हुने व्यवस्था खारेजी गर्ने । हाल, अमेरिकाको संविधानको चौधौं संशोधन अनुसार, अमेरिकाको सिमानाभित्र जन्मिएका हरेक बच्चाहरू कानूनी रुपमा बराबर हुनेछन् । त्यसमा केही अपवादको रुपमा अमेरिकामा कूटनैतिक सेवामा कार्यरत रहेका आमाबाबुका सन्तान भने त्यहाँ जन्मिए पनि अमेरिकी नागरिक हुने थिएनन् ।

यदि राष्ट्रपतिको आदेश अदालतबाट हस्तक्षेप भएन भने, अमेरिकी संविधानले सन् १८६८ देखि प्रदान गरेको उक्त प्रावधान हट्ने छ । यस्तो प्रावधान हालसम्म, विश्वका अति विकसित देशहरूमध्ये अमेरिका र क्यानडामामात्रै रहेछह जसलाई 'माटोको अधिकार ('द राइट अफ स्वाइल') भनिने रहेछ । उक्त आदेशले गर्दा, अब उप्रान्त भिसा लिएर कानूनी रुपमै अमेरिका बसिरहेका अभिभावकका सन्तानले पनि त्यहाँ जन्मिएर त्यहाँको संविधानको चौधौं संशोधनले पाएको अधिकार उपभोग गर्न सम्भव नहुने शंका व्यक्त गर्न थालिएको छ । राष्ट्रपति ट्रम्पले सन् २०१७ को कार्यकालमा पनि आप्रवासीहरूमाथि निकै कडाइ गरेका थिए । त्यतिबेला पनि ट्रम्पको कार्यकारी आदेशको कारणले अमेरिकाको एयरपोर्टमा भित्रिइसकेका शरणार्थीहरूलाई डिपोर्टेसन (सम्बन्धित देश नै फर्काउन) गर्न खोजिएको प्रयासलाई ब्रुकलिनको फेडरल जजले रोकेका थिए । त्यतिबेला मास्याच्युसेट्समा कार्यरत इरानी वैज्ञानिकदेखि लिएर ओहायो राज्य जान लागेका सिरियन शरणार्थीहरूसमेत रोकिएका थिए ।

यतिसम्म कि, ग्रिनकार्ड लिएर अमेरिकामा कानूनी रुपले बस्न पाइरहेकाहरूलाई समेत बाहिर देशबाट फर्कंदा एयरपोर्टमा दु:ख दिइएको थियो । त्यतिबेला ट्रम्पले कार्यकारी आदेशमा सही गर लगत्तै १२० दिनसम्म सबै शरणार्थीहरूलाई अमेरिका पस्न बन्देज लगाइएको थियो भने सिरियन शरणार्थीलाई पुरै रोक लगाइएको थियो । विशेषगरी सिरिया, सुडान, सोमालिया, लिबिया, इरान तथा इराक र यमनका नागरिकहरूलाई ९० दिनसम्म अमेरिका पस्न दिइएको थिएन ।

हुनत, त्यतिबेलाको ट्रम्पको कार्यकारी आदेशको कारणले त्यसो गरिएको पहिलोपटक देखिए पनि सन् २००१ सेप्टेम्बर ११ को अमेरिकामा भएको आतंककारी हमला पश्चात्, मुस्लिम देशका, अमेरिकामा बसिरहेका व्यक्तिहरू, त्यसमा पनि युवाहरूलाई रजिस्ट्रेसन गर्न बाध्य बनाइएको देखिएको थियो ।

अहिले पनि, ट्रम्पको आप्रवासन सम्बन्धी कार्यकारी आदेशको विरोधमा सो रोक्न, डेमोक्र्याटको बाहुल्य भएको २२ वटा राज्य र अमेरिकन सिविल लिबर्टिज युनियन लगायत अन्य संस्थाहरूले अदालतमा उजुरी हालिसकेका छन् । तीमध्ये, वाशिङ्टन, एरिजोना, इलिनवाय र ओरेगनले राष्ट्रपति ट्रम्पको आदेश लागु नगर्न हालेको उजुरीलाई , फेडरल डिस्ट्रिक्ट कोर्ट जज जोन सि. कोहेनरले १४ दिनका लागि रोकिदिएका छन् । उनले भनेका छन्, यो स्पष्ट रुपमा असंवैधानिक आदेश हो । यसलाई कसरी बारका सदस्यहरूले संवैधानिक आदेश स्विकारेका छन् भनेर बुझ्न कठिन भैरहेको छ ।

विश्वको कुनै पनि यस्तो देश अरू नहोला, जहाँ उनीहरूको देशको राष्ट्रपति वा प्रशासनमा फेरबदल हुँदा अन्य देशका नागरिकहरूलाई यति धेरै चासो रहेको होस् । त्यो अमेरिका नै हो, जसबारे कतिपय नेपालीहरूलाई पनि चासो र चिन्ता दुवै छ । केही दिन अगाडि, अमेरिकामा आफ्नो सन्तान रहेका अभिभावक, कानूनी रुपमै बकायदा भिसा लगाएको पासपोर्टका साथ अमेरिका पस्न लाग्दा एयरपोर्टमा इमिग्रेसनले किचकिच गरेछह कारण, उहाँ उताबाट आएको डेढ महिनापछि नै फेरि जानुभएको रहेछ । एयरपोर्टमा, 'किन यति छिटो आएको ?' भनेर प्रश्नको ओइरो लगायो भन्दै किचकिच गरेछ ।

यहाँका, कतिपय व्यक्तिहरू, गर्भवती भएर बच्चा उता जन्माउन जाने पनि धेरै छन् । तीमध्ये केही त यस्ता छन्, आफूलाई खुबै राष्ट्रवादी देखाएर भाषण पनि छाँट्छन्ह तर अर्कोतिर उताको मोह पनि राख्छन् । अब त्यस्ता दिनहरू सजिला हुने भएनन् । बिट मार्दै गर्दा आफ्नो मनको कुरो पनि राख्न मन लाग्यो, हुनत, प्रत्येक देशको भौगोलिक सीमा भित्र कसलाई बस्न दिने वा नदिने भनेर निर्धारण गर्ने उसको आफ्नो अधिकार क्षेत्रको कुरा हो । तर पनि, सयौं वर्षदेखि एउटा व्यक्तिले पाइरहेको अधिकार खोस्नु भनेको पनि मानव अधिकारकै हनन हो ।

यसै पनि संयुक्त राष्ट्रसैको साधारण सभाले प्रस्ताव नं. २१७ क (३)बाट सन् १९४८ डिसेम्बरमा अनुमोदन गरी जारी गरेको मानव अधिकार विश्वव्यापी घोषणापत्रको धारा १३ को १ र २ मा उल्लेख गरेको छ: प्रत्येक व्यक्तिलाई प्रत्येक राष्ट्रको सिमानाभित्र आवतजावत गर्ने तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुनेछ । प्रत्येक व्यक्तिलाई आफ्नो देश लगायत कुनै पनि देश छोड्न पाउने र आफ्नो देश फर्कन पाउने अधिकार हुनेछ ।

बिडम्वना यो छ कि, सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना गर्ने पाँचवटा संस्थापक सदस्यमध्येको एक तथा संयुक्त राष्ट्रसंघ सेक्युरिटी काउन्सिलको स्थायी सदस्य रहेको, संयुक्त राज्य अमेरिकाले नै आफैंले प्रतिपादन गरेका थुप्रै नीति नियम तथा कानूनहरू लत्याउँदैछ । यी सबै कुराहरू पढ्दा, सुन्दा र देख्दा मनमा एउटा चिसो पस्दोरहेछह त्यो के भने, कार्यकारी अधिकार प्राप्त गर्ने व्यक्ति यस्तै/उस्तै पऱ्यो भने सर्वसाधारणको हविगत कस्तो हुनेरहेछ त !

*(साभार: अनलाइनखबर)*

# उद्यमशीलतामा नेपाली युवाशक्तिको सम्भावना

✍ सुशील दर्नाल

शहीद लखन गाउँपालिका-७ मास्कीछापका ३२ वर्षीय युवा कमल अधिकारीको गोठमा अहिले सातवटा लैना गाई छन् । सातवटा गाईसँगै खोरमा १२ वटा बाखा पनि छन् । उनले १५ वटा बाखामध्ये भर्खरै तीनवटा खसी बेचेर ७० हजार हात पारेका छन् । गाईको दूध बेचेर कमलले महिनामा १०/१२ हजार यत्तिकै कमाउँछन् । रोजगारीको खोजीमा विदेशिने नेपालीको संख्या बढिरहेको सन्दर्भमा कमल भने इच्छा भएको खण्डमा स्वदेशमै धेरै गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन् । स्वदेशमै आम्दानी गर्न सकिन्छ, पैसा कमाउनका लागि विदेश जान पर्दैन भन्ने उदाहरण बनेका छन् । हुन त कमल कुनै दिन स्वदेशमा आम्दानीको स्रोत नदेखेर विदेश नगएका पनि होइनन् । तर नौ वर्ष विदेशमा पसिना बगाए पनि घर-परिवारलाई दुई छाक खान, एकसरो लगाउन धौधौ थियो । अनि कमललाई लाग्यो, 'अब स्वदेशमै केही उद्यम गर्नुपर्छ ।'

विदेशबाट फर्किएलगत्तै कमलले गाउँमै गाई र बाखा पालनमा लगानी गरे । अहिले उनी गाउँमै बाखापालन र गाईपालनमा रमाइरहेका छन् । चारजनाको परिवार पालेर बचत पनि गरिरहेका छन् । कमललाई विदेशमा गर्ने दु:ख गाउँमै गर्न सकेमा आम्दानीका साथै सम्मानपूर्वक बाँच्न सकिने रहेछ भन्ने लागेको छ । कमलले गाई र बाखापालन शुरु गरेपछि गाउँका अरु युवाले पनि सिको गरेका छन् । गाउँका युवा पशुपालनमा आकर्षित भएका छन् । गाउँकै सन्दीप विश्वकर्माले दुई लाख लगानीमा अहिले बङ्गुरपालन शुरु गरेका छन् । सन्दीपको खोरमा दुईवटा माउसहित नौ बङ्गुर छन् । पछिल्लो पटक सन्दीपले आठवटा बङ्गुरका पाठापाठी बेचेर १६ हजार कमाएका छन् ।

> 'देशमा केही छैन, केही हुँदैन, विदेश नगए के गर्नु' भन्ने नकारात्मक भाष्यलाई अब चिर्दै जानुपर्छ । स्वदेशमा केही पनि नदेख्ने तर विदेशमा थोरै पैसामा पनि पसिना बगाउन तयार हुने युवाले देशभित्रै बसेर धेरै गर्न सकिन्छ भन्ने भाष्य निर्माण गर्नुपर्छ । गर्नेहरुका लागि देशभित्रै धेरै सम्भावना छ।

खाडी मुलुकमा गएर पसिना बेच्नुको सट्टा स्वदेशमै उद्यम वा कुनै व्यवसाय गरेको खण्डमा मनग्य आम्दानी गर्न सकिन्छ भन्नका लागि कमल र सन्दीप उदाहरण हुन् । यसरी पटक-पटक विदेश गएर पनि राम्रो आम्दानी नभएपछि स्वदेशै फर्केर युवाले आफ्नै व्यवसाय वा उद्यम गरेर आम्दानी गरी जीविकोपार्जनसँगै बचत गर्ने गरेका धेरै उदाहरण छन् । सरकारले पनि युवालाई प्रोत्साहन गर्दै आएको छ । कमल र सन्दीपले मात्रै होइन, कृषि व्यवसाय गरेर भोजपुरका ३१ वर्षीय कुमार श्रेष्ठले भोजपुर नगरपालिका-१२ टक्सारमा कुखुरापालन, बङ्गुर पालन, माछापालन व्यवसाय सञ्चालन गरेर वार्षिक १५ देखि १८ लाख रुपियाँसम्म आम्दानी गर्दै आएका छन् । कृषिलाई व्यवसायका रूपमा अँगाल्न गाउँका युवालाई प्रेरित गर्दै कुमारले सीप पनि सिकाउँदै आएका छन् ।

संविधानमा 'राज्यले अवलम्बन गर्ने नीति र राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गरिनेछ' भनिएको छ । सरकारले युवाको सशक्तीकरण र विकासमा शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासको योगदानमा युवालाई उपयुक्त अवसर प्रदान गर्ने नीति अख्तियार गरेको छ ।

त्यसै गरी सरकारले चालू आर्थिक वर्षमा युवाको क्षमता अभिवृद्धि गरी अन्तरनिहित प्रतिभा सार्वजनिक सेवा प्रवाह र उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न राष्ट्र निर्माणमा युवा परिचालन कार्यक्रम सञ्चालन गरेको छ । सरकारले सो कार्यक्रमअन्तर्गत विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरी कामको खोजीमा रहेका युवालाई विभिन्न सार्वजनिक निकाय र निजी क्षेत्रसँगको सहकार्यमा उद्योग, व्यवसाय, कृषि तथा पशुपन्छी फर्म, होटल, पर्यटन, निर्माण क्षेत्रलगायतमा कार्यस्थल तालिम प्रदान गरी कम्तीमा एक लाख युवालाई रोजगारी सुनिश्चित गर्न तीन अर्ब रुपियाँ विनियोजन गरेको छ । त्यसै गरी स्वास्थ्य, शिक्षा, पर्यटन, कृषि, सूचना प्रविधि क्षेत्रका एक हजार युवालाई 'फेलोसिप' (छात्रवृत्ति) प्रदान गरेको छ । फेलोसिप प्रदान गर्न निजी क्षेत्रलाई समेत सरकारले प्रोत्साहन गरेको छ । त्यस्तै सरकारले युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुऱ्याउने कामलाई तीव्रता दिएको छ ।

मुलुकको कुल जनसंख्याको ४० प्रतिशत युवा छन् । युवालाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्न सरकारले विशेष योजना पनि तर्जुमा गरेको छ । युवावर्गमा रहेको नवीन सोच र प्रविधिको ज्ञानलाई उत्पादनशीलतामा लगाएर वस्तु तथा सेवाको व्यापार वृद्धि गर्नेतर्फ सरकारले पुँजीसहितको प्रोत्साहन प्रदान गर्नुपर्ने युवाको मागको सम्बोधन गर्न सकेको खण्डमा युवा उद्यमशीलताले अझै गति लिने थियो । नेपालमा केही गरौं भन्ने युवाको लागि सम्भावना नै सम्भावना छ । युवाहरुको लागि नेपालको कृषिक्षेत्र मनग्य आम्दानीको स्रोत बन्न सक्छ । सरकारले अघि सारेको जलविद्युत, सडक, रेलमार्ग, द्रुतमार्ग, हवाई मैदान, विशेष आर्थिक क्षेत्र, प्रसारण लाइनलगायतका भौतिक पूर्वाधार निर्माणसम्बन्धी आयोजना युवाहरुको लागि रोजगारीको माध्यम बन्न सक्छ ।

केही समयअघि गरिएको श्रमशक्ति सर्वेक्षणले बर्सेनि पाँच लाखको हाराहारीमा नयाँ श्रमशक्ति बजारमा आउने देखाएको छ । 'देशमा केही छैन, केही हुँदैन, विदेश नगए के गर्नु' भन्ने नकारात्मक भाष्यलाई अब चिर्दै जानुपर्छ । स्वदेशमा केही पनि नदेख्ने तर विदेशमा थोरै पैसामा पनि पसिना बगाउन तयार हुने युवाले देशभित्रै बसेर धेरै गर्न सकिन्छ भन्ने भाष्य निर्माण गर्नुपर्छ । गर्नेहरुका लागि देशभित्रै धेरै सम्भावना छ । युवा जनशक्ति जुनसुकै मुलुकका लागि पनि समृद्धिको पहिलो आधारस्तम्भ मानिन्छरु । युवावर्ग मुलुकको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक रूपान्तरणको संवाहक शक्ति भएको सर्वस्वीकार्य छ । अर्काको देशमा गएर भाँडा माझ्ने र शौचालय सफा गर्ने काम पनि गर्न तयार हुने तर आफ्नै देशमा शानका साथ कृषि, पशुपालन वा आफ्नै पेसा व्यवसाय गर्न आनाकानी गर्ने प्रवृत्ति युवाले हटाउनुपर्छ । सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा अघि सारेको सन्दर्भमा अब युवाहरुले 'नेपालमा केही हुन्न' भन्ने भन्दा पनि 'नेपालमा सबथोक छ' भन्नुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# आशिका प्रकरणले उब्जाएको प्रश्न : कसलाई लगाउने हत्कडी ?



काठमाडौं/आफूलाई अभियन्ता बताउने आशिका तामाङलाई हातमा हत्कडी लगाएर हिँडाउँदै गरेको एउटा तस्वीर यतिबेला सामाजिक सञ्जालको ट्रेन्डिङमा छ । एकातिर ठूलठूला अपराधका अभियोगमा पक्राउ परेका भीआईपी अभियुक्तलाई हत्कडी नलगाउने, अर्कातिर आशिकाजस्ता अभद्र व्यवहारका आरोपी पक्राउ पर्दा हत्कडीसहितका तस्वीर सार्वजनिक हुनुले राज्यको द्वैध चरित्र देखाएको भन्दै प्रश्न उठेको छ । कतिपयले आशिकामार्फत राज्य संयन्त्रले आफूलाई अभियन्ता बताउनेहरूलाई सन्देश दिन खोजेको तर्क पनि गरेका छन् ।

प्रहरी प्रहरी वृत्त, गौशालाले अभद्र व्यवहारको कसुर गरेको अभियोगमा आशिकालाई २ माघमा पक्राउ गरेको थियो । त्यसअघि पशुपति क्षेत्र विकास कोषमा एकजना महिला प्रहरीलाई उनले दुर्व्यवहार गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो । ड्युटीमा खटिएकी एकजना प्रहरी नायब निरीक्षक (सई) लाई 'सई होइन, असई हो' लगायतका व्यक्तिगत लाञ्छना लगाउने किसिमका अभिव्यक्ति दिएको अभियोगमा उनीमाथि छानबिन सुरु भएको थियो ।

यो मामलामा अनुसन्धान गर्न पक्राउ अनुमति लिएर गएका प्रहरीलाई समेत अभद्र व्यवहार गरेको आरोप तामाङमाथि लगाइएको थियो । प्रहरीले उनीमाथि बिना अनुमति जुनसुकै स्थलको तस्वीर र भिडियो खिचेको समेत अभियोग लगाएको थियो । गौशाला प्रहरी स्रोतका अनुसार, उनले क्यामरा जडित चस्मा लगाउने गरेकी थिइन्, जसबाट भिडियो बनाएर उनले सामाजिक सञ्जालमा राख्दै आएकी थिइन् । त्यो चस्मालाई प्रहरीले जफत गरिसकेको एक प्रहरी अधिकृतले बताए ।

'त्यसरी जथाभावी भिडियो खिच्नु र राष्ट्रसेवकलाई काम गर्नबाट रोक्न खोज्नु कानुनविपरीत कुरा थियो, त्यसैले अनुसन्धान गरेका थियौं', गौशाला प्रहरीका एक अधिकृतले भने, 'उहाँविरुद्ध पशुपति क्षेत्र विकास कोषका सदस्यसचिवलाई पनि अपशब्द प्रयोग गरेको आरोपसमेत थियो ।' यो प्रकरणमा अनुसन्धान सकेर प्रहरीले रायसहितको प्रतिवेदन बुझाएको १२ दिनपछि सोमबार जिल्ला प्रशासन कार्यालय, काठमाडौंले उनलाई १० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दियो ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले दिएको आदेश अनुसार धरौटी बुझाए पनि प्रहरीले उनलाई हिरासतमुक्त गरेन । जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख विश्व अधिकारीका अनुसार, जिल्ला प्रहरी परिसर भक्तपुरमा अर्को कसुरमा अनुसन्धान भइरहेकाले उनलाई त्यता पठाइएको थियो ।

**नैतिकताको विषय कि फौजदारी अपराध ?**

तामाङ भक्तपुर लैजाने क्रममा प्रहरीले हत्कडी लगाएर हिँडाएको तस्वीर सार्वजनिक भएपछि आलोचना सुरु भएको हो । विगतमा प्रहरीले नैतिक शिक्षा दिन भन्दै गुण्डागर्दीमा संलग्नलाई हत्कडीसहित सडकमा हिँडाएको उदाहरण पनि छ । यस्तोमा आशिकाको तस्वीर सार्वजनिक भएपछि उनीमाथि राज्य संयन्त्रले ज्यादती गरेको कतिपयको आरोप छ । वरिष्ठ अधिवक्ता डा. नारायण प्रसाद घिमिरेका अनुसार, तामाङले गरेका गतिविधि उनलाई सामान्य नसिहत दिन पुग्ने किसिमका छन् । तर, सार्वजनिक तस्वीरका कारण राज्यले आवश्यकताभन्दा बढी दु:ख दिने नियत राखेको जस्तो सन्देश गएको उनी बताउँछन् ।

'उनको मनसाय खराब थिएन, कानुनी व्यवस्था देखाई नसिहत दिए पुग्ने थियो । तर, मुद्दा लगाएर दु:ख दिनु फौजदारी कानुनको सिद्धान्तविपरीत भयो,' उनले भने, 'समाजमा अनुशासन कायम गर्न कहिले काहीं सामान्य अनुशासनात्मक कारबाही गरे पुग्छ, तर, तामाङ प्रकरणमा सरासर कानुनको दुरुपयोग देखियो ।' कतिपय प्रहरी अधिकृतहरू नैतिकताको विषयलाई फौजदारी मामला बनाएको प्रति असन्तुष्ट छन् ।

'एउटा जमातले आशिका जस्ता व्यक्तिहरूले गरेको काममा ताली बजाइरहेको छ । जनताले खोजेको कुरा उनीहरूले उठाएका छन् । तर, अर्कोतिर आशिका र उनीजस्ता अभियन्ता बताउनेहरूको शैली एकदमै गलत छ', नेपाल प्रहरीका अवकाश प्राप्त डीआईजी हेमन्त मल्ल ठकुरी भन्छन्, 'यस्तोमा आवश्यकताभन्दा बढी कारबाही गर्दा समाजमा थप उदण्डता फैलिनसक्छ भन्नेमा पनि राज्य सचेत हुनुपर्छ ।'

तामाङको जस्तो मुद्दामा गरिने कारबाहीमा प्रहरीले सचेतता अपनाउनुपर्ने मल्लको राय छ । नेपालको फौजदारी कानुनले पनि व्यक्तिलाई जस्तोसुकै अवस्थामा थुनिहाल्ने विषयलाई निरुत्साहित गरेको बताउँदै उनी थप्छन्, 'यस्तोमा सानो कारबाही गर्दा पुग्ने चिजलाई ठूलो बनाउँदा यसले राम्रो सन्देश गएको छैन ।' प्रहरी अधिकृतहरू भने आफूहरूले आशिकाको तस्वीर सार्वजनिक नगरेको र त्यस्तो किसिमको कुनै नियतसमेत नभएको बताउँछन् । जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी विश्व अधिकारीले भने, 'प्रहरीले त्यसरी तस्वीर सार्वजनिक गर्ने भन्ने नै हुँदैन, जहाँसम्म हत्कडी लगाउने कुरा छ, त्यसका पछाडि निश्चित कारणहरू हुन्छन् ।'

उनका अनुसार, प्रहरी नियन्त्रणमा रहेका कुनै व्यक्ति भागेर जानसक्ने अवस्था छ भने हत्कडी लगाइन्छ । 'अर्को, कसैले एग्रेसिभ व्यवहार वा गतिविधि गर्न सक्छ भने पनि त्यहाँ सेफ्टी मेजर अपनाउनुपर्ने स्थिति हुन्छ', उनले व्याख्या गरे, 'प्रहरी नियन्त्रणमा भएको मान्छे भागेको अवस्थामा फेरि त्यहाँ खटिनेलाई नै समस्या हुने स्थिति हुने भयो... ।'

केन्द्रीय प्रहरी प्रवक्ता डीआईजी दिनेश आचार्यले पनि तामाङ माथि विशुद्ध सावधानीका लागि हत्कडी लगाइएको प्रतिक्रिया दिए । उनले संचारकर्मीसँग भने, 'यसमा अन्यथा लिनुपर्ने केही कुरा छैन ।'

**आलोचनापछि अदालत पुग्यो मुद्दा**

फौजदारी कानुनको सिद्धान्तले भन्छ - पहिले प्रमाण खोज, अनि मात्र नियन्त्रणमा लिऊ । तर, अनुसन्धान अधिकृतहरूले हिरासतमा लामो समयसम्म राख्नुमै जोड दिने गरेका छन् । आशिकालाई काठमाडौंमा छुट्ने बित्तिकै समातेर भक्तपुर पुऱ्याउनुले पनि त्यसलाई जोड दिएको जानकारहरू बताउँछन् ।

भक्तपुरमा तामाङलाई हिरासतमा राख्न प्रहरीले आपराधिक उपद्रवको कसुरको जाहेरीको सहारा लिएको छ । मुलकी फौजदारी अपराध संहितामा सरकार, स्थानीय तहको कुनै स्वामित्वको संस्था, सर्वसाधारण वा कुनै व्यक्तिलाई हानी, नोक्सानी पुग्ने नियतले लापरबाही वा हेलचेक्र्याइँ गरी कुनै सार्वजनिक महत्वको सम्पत्ति नास गरे वा त्यसको महत्व घट्ने काम गरे आपराधिक उपद्रव हुने भनिएको छ ।

अर्काको चिठी लुकाए वा बदनियतपूर्वक ढिला पुग्ने गराएदेखि झुठो अफवाह फैलाएर अरुको कारोबार र व्यवसायमा बाधा पुऱ्याएसमेत यो कसुर आकर्षित हुने व्यवस्था छ । उक्त कसुर गर्नेलाई पाँच वर्षदेखि १२ वर्षसम्म कैदको व्यवस्था छ । तामाङले ४ असोज २०८१ मा सूर्यविनायक नगर पालिका-९ बाट वडा नं. १० मा जाने क्षेत्रमा रहेको झोलुङ्गे पुल चढ्दा लाग्ने शुल्कबारे विरोध गर्दै सामाजिक सञ्जालमा भिडियो हालेकी थिइन् । यो घटनालाई लिएर सूर्यविनायक नगरपालिकाका तर्फबाट नगर प्रहरी प्रमुख वीरबहादुर अधिकारीले तामाङसहित ६/७ जना व्यक्तिहरू आएर सरकारी स्वामित्वको पर्यटन पूर्वाधारका रूपमा निर्मित झोलुङ्गे पुलमा आएर प्रवेश शुल्कबारे अफवाह फैलाउने नियतले भिडियो बनाएको भन्दै प्रहरी वृत्त, जगातीमा जाहेरी दिएका थिए ।

पूर्वयोजनासहित तामाङ सहितका व्यक्तिले तीन दिनपछि बिहान ११:४५ बजे आपराधिक उपद्रव गर्ने नियतले चक्कु, कैंची, पेन्चिस, हम्बर लगायत लिएर पुलमा पुगेको समेत जाहेरीमा दाबी गरिएको छ । 'पुलमा आवातजावतका लागि शुल्क लिने काममा खटिएका कर्मचारीलाई समेत हातपात गरेर टिकट प्याड खोसेर लाइटर बालेर आगजनी गरेकाले कारबाही गरी पाऊँ', जाहेरीमा भनिएको छ ।

तर, तामाङको तस्वीर लाई लिएर विवाद हुन थालेपछि सरकारी वकिलको रोहबरमा उनको बयान मंगलबारै सकिएको छ भने अदालतमा मुद्दासमेत दर्ता भइसकेको छ । बुधबार र बिहीबार सरकारी विदा भएकाले शुक्रबारबाट जिल्ला अदालत भक्तपुरमा थुनछेक बयान र बहस सुरु हुनेछ । अदालतबाट उनलाई साधारण तारेखमा छाड्ने, धरौटीमा छाड्ने वा पुर्पक्षका लागि थुनामा पठाउनेमध्ये एउटा आदेश हुनेछ ।

आशिकाले सरकारी वकिलको रोहबरमा प्रहरीलाई दिएको बयानमा भने झोलुङ्गे पुलमा जान २० रुपैयाँ तिर्नुपर्ने व्यवस्थाले सर्वसाधारणलाई दु:ख भएको सुनेकाले आफूले त्यहाँ गएर भिडियो बनाएको बताएकी छन् । 'त्यो कार्यले सर्वसाधारण मानिसलाई दु:ख हैरानी भयो भन्ने कुरा मैले स्थानीयबाट सुनेकाले मैले उक्त स्थानको भिडियो मेरो फेसबुकमा अपलोड गरेको थिएँ,' उनले भनेकी छन्, 'त्यो दिन म पुलमा चढिनँ, शुल्क पनि तिरिनँ र त्यत्तिकै डेरामा आएँ ।'

अर्को दिन चाहिँ सबैलाई जानकारी दिने हिसाबले धादिङका शरण तिरुवालाई लिएर जाँदा युट्युबरहरूलाई पनि खबर गरेको उनले भनेकी छन् । 'त्यतिबेला हामी झोलुङ्गे पुलसँगैको टिकट काउन्टरमा गएका थियौं, त्योबेला स्थानीयसँग मैले कैंची मागेर २० लेखेको पोष्टर म र भाइ तिरुवाले तानेर काटेका थियौं', उनले भनेकी छन्, 'टिकट प्याड महिला कर्मचारीसँग माग्दा नदिएकाले मैले भाइ शरणले खोसेर लाइटर बाली मैले समाएर जलाइदिएको हुँ ।' अदालतमा दायर अभियोग पत्रमा तामाङको व्यवहार बाट त्रिशूल इन्टरनेशनल प्रालिलाई ३३ हजार तीन सय रुपैयाँ घाटा भएको भन्दै क्षतिपूर्तिको समेत माग गरिएको छ ।

(स्रोत: अनलाइनखबर)

# सञ्चारिका समूह मकवानपुरको अध्यक्षमा निशा गुरुङ




साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ सञ्चारिका समूह मकवानपुरको अध्यक्षमा निशा गुरुङ चयन भएकी छन् । समूहको मंगलबार हेटौंडामा भएको तेस्रो अधिवेशनबाट गुरुङको नेतृत्वमा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन गरिएको हो ।

समूहको उपाध्यक्षमा जमुना थिङ, महासचिवमा मञ्जु मैनाली, सचिवमा अम्बिका बस्नेत, कोषाध्यक्षमा अन्जना न्यासुर चयन भएका छन् । सदस्यमा सम्झना थापा, सुनिता विष्ट, स्मिता अर्याल, सुप्रभा चौलागाईं, अस्मिता भट्टराई, रविना घिमिरे, आँचल तिमल्सिना र सुमिना चौलागाई चयन भएका छन् । यसअघि सञ्चारिका समूहकी निवर्तमान उपाध्यक्ष प्रिया पौडेलको अध्यक्षता एवम् सञ्चारिक बागमती प्रदेश अध्यक्ष सरिता दाहालको प्रमुख आतिथ्यतामा उद्घाटनसत्र भएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष हरि हुँमागाई, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस युनियनका सचिव बलराम पुडासैनी, प्रेस सेन्टर मकवानपुर अध्यक्ष एमपी शर्मा, समाजवादी प्रेस संगठन मकवानपुर अध्यक्ष शिव चौलागाई, स्वतन्त्र पत्रकार संघका मकवानपुर अध्यक्ष गोकुल अधिकारीले मन्तव्य व्यक्त गरेका थिए ।

# नीर शाहलाई बिजुलीमाया वन श्रेष्ठ संगीत पुरस्कार

साझाकुरा संवाददाता



हेटौंडा, १५ माघ/१६ औं संस्करणको बिजुलीमाया वन श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार २०८१ कलाकार तथा गीतकार नीर शाहलाई प्रदान गरिएको छ ।

भीम विराग संगीत साहित्य कला प्रतिष्ठानले एक कार्यक्रमको आयोजना गरी नेपाली गीतसंगीतको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको भन्दै शाहलाई नगद एक लाख रुपैयाँ राशीको पुरस्कार प्रदान गरिएको हो । शाहले विगत पाँच दशकदेखि निरन्तर आधुनिक गीतदेखि चलचित्र क्षेत्रमा समेत योगदान पुऱ्याइरहेका छन् ।

उद्यमी व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले ममतामयी आमा बिजुलीमाया वन श्रेष्ठको नाममा २०६४ सालमा अन्तर्राष्ट्रिय संगीत पुरस्कार स्थापना गरेको थिए । यसअघि यस पुरस्कारबाट अम्बर गुरुङ, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुच्छेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन कार्की, दावा ग्याल्मो, दीपक जंगम, किरण प्रधान, राजेन्द्र थापा सम्मानित भैसकेका छन् ।

# 'एक्टर : टेक वन'को प्रदर्शन रोक्न अदालतको आदेश



काठमाडौं/काठमाडौं जिल्ला अदालतले बुधबारबाट प्रदर्शनमा आउने भनिएको फिल्म 'एक्टर : टेक वन'को प्रदर्शन रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । मंगलबार भएको प्रारम्भिक सुनुवाईपछि न्यायाधीश ढाकाराम पौडेलको एकल इजलासले उक्त आदेश दिएको हो । अदालतको आदेशसँगै अब फिल्म भोलिबाट प्रदर्शनमा आउने छैन ।

माघ २२ गते दुवै पक्षलाई छलफलका लागि बोलाउँदै अदालतले आदेशमा भनेको छ, 'निवेदकको चलचित्र 'एक्टर' प्रदर्शन भइरहेको र प्रतिवादी कम्पनीबाट निर्मित चलचित्र प्रदर्शनको संघारमा रहेको भन्ने देखिएकोले उक्त छलफलको अवधिसम्म सुविधा र सन्तुलनको हिसाबले 'एक्टर : टेक वन'लाई सो अवधिसम्म प्रदर्शन नगर्नु नगराउनु भनी चलचित्र विकास बोर्ड समेत विपक्षीका नाममा यो अल्पकालीन आदेश जारी गरिदिएको छ ।'

गत माघ ४ गते प्रदर्शनमा आएको फिल्म 'एक्टर'को प्रस्तुतकर्ता कम्पनी नेपाली डायस्पोरा इन्टरटेन्मेन्टको तर्फबाट सम्राट थापाले आफ्नो फिल्मको नाम र कथावस्तु चोरी गरेर 'एक्टर : टेक वन' निर्माण गरिएको दाबीसहित फिल्मको प्रदर्शन रोक्न माग गर्दै आइतबार काठमाडौं जिल्ला अदालतमा रिट दायर गरेका थिए । रिटमा उनले फिल्मको नाम परिवर्तनको माग समेत गरेका छन् ।

राजन भुसालको निर्देशनमा तयार भएको 'एक्टर : टेक वन'मा प्रदीप खड्का, आना शर्मा, दिव्या रायमाझी, राजबल्लभ कोइराला, सुशील सिटौला, निश्चल बस्नेत लगायतको अभिनय छ । थमन भण्डारीको निर्माण रहेको फिल्मको गीत र ट्रेलरबाट राम्रो हाइप बनेको थियो । तर, नामका कारण उत्पन्न विवाद अदालत प्रवेश गर्दा फिल्मको रिलिज नै रोकिन पुगेको छ ।

'एक्टर : टेक वन'को रिलिज रोक्न माग गर्दै अदालतमा रिट दायर हुँदा समेत मल्टीप्लेक्सहरुले फिल्मको बुकिङ खुलाएका थिए । केही मात्रामा टिकट बिक्री पनि भइसकेको छ । अब अदालतको आदेशसँगै टिकट बिक्रीको पैसा हलहरुले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्ने भएको छ । अदालतले फिल्मको रिलिज रोक्न दिएको अन्तरिम आदेशले निर्मातालाई ठूलो आर्थिक क्षति भएको छ ।

# लगानी रोजाइमा पर्न थाल्यो ऋणपत्र, ब्याजसँगै मूल्यमा प्रतिफल

काठमाडौं/ आईसीएफसी फाइनान्सले हालै सर्वसाधारणका लागि १ लाख २० हजार कित्ता ऋणपत्र खुलाएको थियो । ९ प्रतिशत ब्याजदरको ऋणपत्रमा तीन दिनमै साढे ७ गुणा बढी आवेदन पऱ्यो । ९ लाख २ हजार कित्ता ऋणपत्र माग भयो । आवेदन दिएजतिले ऋणपत्र नपाउने स्थिति यसमा बनेको छ । बाँडफाँटका क्रममा यो ऋणपत्र पाउनेले अब पूँजीगत लाभ समेत पाउने छन् । अंकित मूल्य १ हजार लागत परेकामा दोस्रो बजारमा सूचीकृत भइसकेपछि अब योभन्दा धेरै मूल्य पाइनेछ ।

८ प्रतिशत ब्याजका ऋणपत्र नै बजारमा १ हजारभन्दा बढी मूल्यमा कारोबार भइरहेको छ । तसर्थ ९ प्रतिशतको यो ऋणपत्रमा राम्रै पूँजीगत लाभ मिल्न सक्नेछ । चलनचल्तीको भन्दा राम्रो ब्याज र बेच्ने बेला पूँजीगत लाभ पनि मिल्ने भएकाले यति धेरै आकर्षण ऋणपत्रमा देखिएको जानकार बताउँछन् । ऋणपत्रको प्रतिफल दर सधैं ब्याजदरसँग तुलना हुने गरेको लक्ष्मी सनराइज क्यापिटलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) विजयलाल श्रेष्ठले बताए । 'धेरै ब्याजदर दिएका ऋणपत्रको मूल्य स्वाभाविक रूपमा केही बढी हुन्छ,' उनले भने, 'बैंकको निक्षेपमा ब्याजदर घटेका बेला ऋणपत्रमा प्रतिफल बढी देखिँदा आकर्षण बढेको हो ।' प्राथमिक बजारमा मात्र होइन, दोस्रो बजारमा पनि अहिले ऋणपत्रको माग उच्च छ । यही माग उच्च हुँदा मूल्य बढिरहेको छ । १५ महिनाअघि बजारमै ८ सय रुपैयाँमा पाइने गरेका ऋणपत्र अहिले १ हजारमा पनि पाइँदैन ।

१५ महिनाअघि सानिमा बैंकको 'एसबीडी ८७' नामक ऋणपत्रको मूल्य ७ सय ९२ रुपैयाँ थियो । पछिल्लो पटक कारोबार हुँदा यसको मूल्य १ हजार २५ रुपैयाँ छ । जम्मा ८.५ प्रतिशत ब्याजदरको यो ऋणपत्रको मूल्यवृद्धिबाट लगानीकर्ताले १५ महिनामै २९ प्रतिशत लाभ लिए । मूल्यवृद्धि मात्र नभई ८.५ प्रतिशत ब्याज पनि बुझे । मूल्यवृद्धि र ब्याज दुवैबाट उत्कृष्ट प्रतिफल दिनेमा योमात्र होइन, बजारमा सूचीकृत सबै ऋणपत्र छन् ।

यसैगरी १५ महिनाअघि प्रभु बैंकको 'पीबीएलडी ८७' ऋणपत्रको मूल्य ७ सय ९० रुपैयाँ थियो । साढे ८ प्रतिशत ब्याजदरको यसको पछिल्लो मूल्य पनि १ हजार २५ रुपैयाँ पुगेको छ । यसमा पनि १५ महिनामै मूल्यवृद्धिको लाभ २९ प्रतिशत रह्यो । यहीं अवधिमा प्राइम कमर्सियल बैंकको 'पीबीडी ८५' को मूल्य ३० प्रतिशत बढेको छ । लक्ष्मी बैंकको 'एलबीएलडी ८६' को १५ प्रतिशत, एनएमबी बैंकको 'एनएमबी ८५' को मूल्य १३ प्रतिशत बढ्यो । यो मूल्यवृद्धि बाहेक थप १० प्रतिशत ब्याज पाक्यो ।

यीसहित अहिले बजारमा सबै ऋणपत्रको अंकित मूल्य १ हजार भन्दा माथि छ । दोस्रो बजारमा विभिन्न नामका ७२ ऋणपत्र सूचीकृत छन् । पछिल्लो समय ऋणपत्र कारोबार पनि उल्लेख्य बढेको छ । गत आर्थिक वर्ष २०८०/८१ साउनदेखि पुस मसान्तसम्म ७ लाख ३० हजार कित्ता ऋणपत्र कारोबार भएकोमा चालु आव २०८१/८२ यसै अवधिमा १६ लाख ८० हजार कित्ता ऋणपत्र कारोबार भएको छ ।

गत आव ६ महिनामा ७२ करोड रुपैयाँ बराबरको ऋणपत्र कारोबार भएको थियो, तर यो वर्ष सोही अवधिमा १ अर्ब ७९ करोड रुपैयाँ बराबरको ऋणपत्र कारोबार भएको नेप्सेको तथ्यांक छ । कारोबारसँगै औसत मूल्य पनि बढेको देखिन्छ । अहिले बैंकहरूको ब्याजदर धेरै न्यून बिन्दुमा झरिसकेको छ । ऋणपत्रको ब्याजदर केही माथि रहेकाले आकर्षण बढेको श्रेष्ठको भनाइ छ । 'बैंकहरूले व्यक्तिगत मुद्दतीमा ५/६ प्रतिशत ब्याज दिइरहेका बेला ९/१० प्रतिशत ब्याज पाइने ऋणपत्रमा स्वाभाविक रूपमा आकर्षण हुन्छ,' उनले भने । बजारमा हाल १२ प्रतिशतसम्म प्रतिफल (ब्याज) दिने ऋणपत्र सूचीकृत छन् ।

(स्रोत: अनलाइनखबर)

# सामाजिक सञ्जाल नियमन विधेयक : कुन कसुरमा कस्तो सजाय प्रस्ताव ?

काठमाडौं/सरकारले सामाजिक सञ्जाललाई नियमन गर्ने नाममा यसका प्रयोगकर्तालाई आर्थिक जरिवाना र कैदसम्मको व्यवस्था गर्न लागेको छ । सरकारले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक 'सामाजिक सञ्जाल ऐन, २०८१' मार्फत् त्यस्तो व्यवस्था गर्न लागेको हो ।

सरकारका प्रवक्ता एवम् सञ्चार तथा सुचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले मंगलबार राष्ट्रिय सभामा सामाजिक सञ्जाल विधेयक २०८१ दर्ता गराएका छन् । प्रस्तावित विधेयकका करिब दर्जन ठाउँमा सामाजिक सञ्जाल प्लाटफर्म र यसका प्रयोगकर्तालाई आर्थिक जरिवाना र जेल सजायसम्मको व्यवस्था उल्लेख छ । सरकारले नेपालमा अनुमति नलिई वा रोक लगाएको सामाजिक सञ्जाल प्लाटफर्म सञ्चालन गर्ने व्यक्तिलाई २५ लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने गरी प्रस्ताव गरेको छ ।

यसैगरी, कुनै पनि व्यक्ति वा संस्थाले राष्ट्रहीत प्रतिकूल हुने कार्य गरे कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । विधेयकको परिच्छेद पाँचमा गरिएको कसूर र सजायसम्बन्धी व्यवस्थाको दफा १८ को उपदफा १ मा भनिएको छ, 'कसैले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा संघीय इकाइबीचको सु-सम्बन्ध प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, सांस्कृतिक, क्षेत्रीय, साम्प्रायिक र यस्तै अरू कुनै आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै काम गर्न वा गराउन वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पार्ने विषय सामाजिक सञ्जालमा प्रसार गर्न हुँदैन ।'

यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने विधेयकमा उल्लेख छ । यसैगरी, साइबर बुलिङ कसुर गर्नेलाई दुई वर्षसम्म कैद वा तीन लाखसम्म जरिवाना वा दुवै सजाय तोक्ने प्रस्ताव गरेको छ । दफा १९ मा यस्तो व्यवस्था छ ।

यस्तै, दफा २० मा साइबर स्टकिङ कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजायको व्यवस्था छ । यसैगरी, दफा २१ मा कसैको आइडी तथा सूचना ह्याक गर्नेलाई तीन वर्षसम्म कैद वा १५ लाखसम्म जरिवाना वा दुवै सजाय हुने गरी व्यवस्था प्रस्ताव गरिएको छ । दफा २२ मा फिसिङ वा इम्पोष्टर स्क्याम गरे तीन वर्षसम्म कैद वा १५ लाखसम्म जरिवाना वा दुवै सजाय हुने भनिएको छ ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती गाउँपालिकाको छैटौं अधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ बागमती गाउँपालिकाको दोस्रो गाउँसभा अन्तर्गत छैटौं अधिवेशन सम्पन्न भएको छ । मंगलबार गाउँपालिकाका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यतामा अधिवेशन भएको हो ।




अधिवेशनमा गाउँपालिका अध्यक्ष घलानले बैठकको कार्यसूची प्रस्तुत गरेका थिए । उनले बागमती गाउँपालिकाको नगरप्रहरी सम्बन्धी विधेयक २०८१ सम्बन्धमा, गाउँपालिकाको विज्ञापन कर (व्यवस्थापन तथा नियमन) विधेयक, २०८१, गाउँपालिकाको वनसम्बन्धी विधेयक, २०८१, गाउँपालिकाको फोहोरमैला व्यवस्थापनसम्बन्धी विधेयक, गाउँपालिकाको बजार व्यवस्थापनसम्बन्धी विधेयक, २०८१ सम्बन्धमा, गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी विधेयक, २०८१ र गाउँपालिकाको भू-उपयोग सम्बन्धी विधेयक, २०८१ सम्बन्धमा कार्यसूची प्रस्तुत गरेका थिए ।

सभामा गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, विधेयक समितिका संयोजक हस्तबहादुर थिङ, सामाजिक विकास समितिका संयोजक कमानसिंह पाखिन, आर्थिक विकास समितिका संयोजक उत्तर बहादुर भोलन, पूर्वाधार विकास समितिका संयोजक दन्तलाल माझी, वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक टेकबहादुर डिमडुङ, सार्वजनिक सेवा तथा क्षमता अभिवृद्धि समितिका संयोजक विजय भोलन र न्यायिक समिति सदस्य निरन्जन घिसिङले प्रस्तुत गरेका थिए ।

अध्यक्ष घलानले चालु आर्थिक वर्ष २०८१/८२ को हिउँदे गाउँसभामा प्रस्तुत गरेकोमा सर्वसम्मतले पारित भएको छ । नगरप्रहरीसम्बन्धी विधेयक, विज्ञापन कर (व्यवस्थापन तथा नियमन) सम्बन्धी विधेयक, वनसम्बन्धी विधेयक, फोहोरमैला व्यवस्थापन सम्बन्धी विधेयक, बजार व्यवस्थापन सम्बन्धी विधेयक, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी विधेयक, भू-उपयोग सम्बन्धी विधेयक, जलाधार, वन्यजन्तु, खानी तथा खनिजपदार्थ संरक्षण तथा उपयोग सम्बन्धी विधेयक पारित भएको छ ।

यसैगरी, अस्थायी/करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई उपलब्ध गराइने सेवासुविधा र शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, वातावरण तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी विधेयक, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, आर्थिक वर्ष २०८०/८१ को संशोधित बार्षिक बजेट तथा कार्यक्रम, लेखापरीक्षण प्रतिवेदन, विषयगत समिति, विषयगत शाखाको कार्यप्रगति प्रतिवेदन तथा गाउँ कार्यपालिका एवम् कार्यालयका निर्णयहरु पारित भएको हो ।

# दशकपछि व्यापार महोत्सव गर्दै निर्माण व्यवसायी संघ

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/१० वर्षपछि निर्माण व्यवसायी संघ मकवानपुरले हेटौंडामा व्यापार महोत्सव गर्ने भएको छ । २०७१ सालमा पहिलोपटक महोत्सव गरेको संघले १० वर्षपछि महोत्सव गर्न लागेको हो ।

मंगलबार पत्रकार सम्मेलन गर्दै दोश्रो संस्करणको रुपमा राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा १० स्थित टिसिएनचौरमा गर्न लागिएको जानकारी दिएको हो । निर्माण व्यवसायीसँगै आर्थिक गतिविधिलाई समेत थप चलायमान बनाउन महोत्सवले योगदान पुऱ्याउने संघका अध्यक्ष बालगोपल कँडेलले बताए । महोत्सवमा निर्माण उद्योग क्षेत्रको वर्तमान समस्या, चुनौती, अवसरका बारेमा छलफल, गोष्ठी लगायतका अन्तरक्रियात्क कार्यक्रम हुनेछ ।

निर्माणको क्षेत्रमा प्रयोगमा आएका अत्याधुनिक उपकरण र निर्माण सामग्रीको प्रदर्शनी र बिक्री गरिने अध्यक्ष कँडेलले बताए । महोत्सवको अवधिमा निर्माण व्यवसायी, दर्शक, उपभोक्ताका राय, सल्लाह, सुझाव संकलन गरिने उनले बताए । महोत्सवमा निर्माण उपकरण, निर्माण सामग्री, औद्योगिक उत्पादन, स्थानीय उत्पादन, हस्तकला सामग्रीलगायत ३ सय ५० वटा स्टल रहने जनाइएको छ । स्थानीय उत्पादनका स्टललाई ५० प्रतिशतसम्म शुल्क छुट दिइने संघले जनाएको छ ।

गायनक्षेत्रको आइडल र मनोरञ्जनात्मक कार्यक्रमको प्रस्तुती रहने महोत्सवमा जिल्ला बाहिरका १ सय बढी स्टल रहने अनुमान गरिएको छ । १ करोड ३ लाख कुल लागतमा महोत्सव सम्पन्न हुँदा १ करोड १७ लाख रुपैयाँ आम्दानी हुने संघको अनुमान छ । महोत्सवको प्रवेश शुल्क ७५ रुपैयाँ र विद्यार्थीको लागि ५० रुपैयाँ तोकिएको आयोजकले जनाएको छ । महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न २ सय ११ सदस्यीय महोत्सव मूलआयोजक समिति र विभिन्न उपसमिति गठन गरिएको छ । महोत्सव तथा प्रदर्शनीले निर्माण व्यवसायसँगै यसक्षेत्रको आर्थिक गतिविधिमा थप योगदान पुऱ्याउने लक्ष्य संघको छ ।

हेटौंडा उपमहानगरपालिका
**१९ नं. वडा कार्यालय**
बस्तीपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सवै वडावासीहरूमा जानकारीको लागि अनुरोध !**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी (वडा अध्यक्ष)
एवम्
**१९ नं. वडा कार्यालय**

**अक्षराम्भ**

**आदरणीय अभिभावकज्यूहरु**

२०८१ माघ २१ गते श्री पञ्चमीको दिन विद्याको देवी सरस्वती माताको पुजा आराधना गरी मन्टेश्वरी एवम् नर्सरीमा १ दिन नि:शुल्क भर्ना गराई अक्षर शुभारम्भ गराउने कार्यक्रम भएको हुँदा आफ्नो घर वा वरपरका साना बाबु नानीहरुलाई लिई उपस्थित भइदिनुहुन विनम्र अनुरोध गरिन्छ ।

**ज्ञानोदय बाल वाटिका एकेडेमी**
हेटौंडा-२, संगम चोक
सम्पर्क नं.: ०५७-५२१७९०, ९८५५०६९८३०, ९८५५०७३३६५

# चैनपुर जेसीज मनहरी अध्यक्षमा ढकाल पदस्थापित

साझाकुरा संवाददाता

हेटौंडा, १५ माघ/ चैनपुर जेसीज मनहरीको अध्यक्षमा कृष्णप्रसाद ढकाल पदस्थापित भएका छन् । सोमबार भएको जेसीजको दोस्रो पदस्थापन तथा पुरस्कार वितरण कार्यक्रमबाट उनी अध्यक्षमा पदस्थापित भएका हुन् ।

वर्ष सन् २०२४ का अध्यक्ष रविन ढकालले २०२५ का अध्यक्ष ढकाललाई अध्यक्षको चेन हस्तान्तरण गर्दै पदस्थापित गराएका हुन् । अध्यक्ष ढकालले नयाँ शाखा भएकोले तालिम र विभिन्न सामाजिक कार्यमार्फत् आफ्नो कार्यकाल नमुनालायक बनाउने प्रतिबद्धता व्यक्त गरे । यसअघि हुँदै आएका कार्यक्रमलाई निरन्तरता दिने उनको भनाई थियो ।

अध्यक्ष ढकालले कानुनी सल्लाहकारमा नवराज रिजाल, महासचिवमा सुरेश गौतम, कोषाध्यक्षमा श्रीराम खड्का, सचिवमा शिवराज गिरी, शाखासम्पादक पवन अर्याल, प्रकरण निर्देशक मनिष पौडेल र जनसम्पर्क अधिकारीमा मनोज चौलागाईंलाई मनोनित गरेका छन् । शाखाको अधिवेशनबाट उपाध्यक्षमा राजु सुवेदी, रोचक ढकाल, बालकृष्ण बिष्ट र कृष्णप्रसाद खनाल तथा कार्यकारिणी उपाध्यक्षमा मनोज विष्ट र मिलन ढुंगाना निर्वाचित भएका थिए ।

अध्यक्ष ढकालले अध्यक्ष सल्लाहकारमा बिदुरबिक्रम थापा, ज्योतिराज लुईंटेल, प्रकाश थापा, शिवप्रसाद खनाल, अनन्तप्रकाश अर्याल र संजिव पाठक तथा बोर्ड सल्लाहकारमा दीपेन्द्रकुमार बर्तौला, वसन्तकुमार सिटौला, प्रेमप्रसाद बोलखे, बिनोदकुमार बर्तौला, राममणि बर्तौला, पुस्कल न्यौपाने, सुनिल अधिकारी, कविन सांगामी र अरुणकुमार दाहाललाई मनोनित गरेका छन् ।

बालकृष्ण बिष्टको संयोजकत्वमा भएको कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो । अध्यक्ष सल्लाहकार थापा, नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, मनहरी गाउँपालिका-५ का वडाअध्यक्ष दीपेन्द्र अधिकारी, चैनपुर जेसीज मनहरीका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, पर्साखैरहनी जेसीजका अध्यक्ष बिक्रम पन्जियार महतो, नेपाल जेसीजका निरुपित राष्ट्रिय उपाध्यक्ष सुजन थापाकाजी, नेपाल जेसीज महासचिव विकेशलाल श्रेष्ठ, मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरलगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा जेसीजले स्थापना गरेको नगद १० हजार राशीको 'स्वर्गीय माधव ढकाल स्मृति चैनपुर जेसीज मनहरी पत्रकारिता पुरस्का' टिम टेलिभिजन र कान्तिपुर टेलिभिजनमा कार्यरत नेपाल पत्रकार महासंघका अध्यक्ष बालकृष्ण अधिकारीलाई प्रदान गरिएको थियो ।

**यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.: ०५७-५०१६५५, ९७६७४९०४४०

**नि:शुल्क सीप मुलक तालिमको सुवर्ण अवसर !!!**

*प्रथम पटक सूचना प्रकाशित मिति २०८१-१०-१६ गते*

बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय प्रदेश युवा परिषद् बागमती प्रदेश हेटौंडाको सहयोगमा ट्रेडलिङ्क टेक्निकल ट्रेनिङ्ग इन्सिच्युट प्रा.लि. महाराजगंज काठमाडौंद्वारा सञ्चालन हुन लागेको १६० घण्टे नि:शुल्क सामुदायक पशु साहयक विषयको तालिम तपसिलका जिल्लाको निम्न स्थानीय निकायमाहरुमा संचालन हुन गइरहेकोले यस बागमती प्रदेश भित्रका युवाहरुलाई (बिशेष प्रथमिकता दलित, जनजाति, महिला उत्पीडित वर्ग, अपाङ तथा सहिद परीवार) सीपमुलक तालिममा सहभागी हुन इच्छुक युवा वर्गहरुलाई तपसिल बमोजिमका कागजातहरुका साथ आवेदनदिनु हुने सुचित गरिन्छ ।

| सि.नं | तालिमको विषय | सहभागी संख्या | संचालन हुने जिल्ला/कोटा | तालिम हुने स्थानीय निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायक पशु साहयक | २० | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | |
| | | २० | चितवन | माडी नगरपालिका | |

**आवश्यक कागजातहरु :**- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो २ प्रति
**उमेर :**- १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**फाराम भर्ने अन्तिम मिति:** २०८१/१०/२३ गते सम्म
**थप जानकारीको लागि :** सुनिल दुलाल (प्रदेश युवा परिषद्) ९८६९१६०८३५

मुख्य कार्यालय
**ट्रेडलिङ्क टेक्निकल ट्रेनिङ्ग इन्सिच्युट प्रा.लि.**
महाराजगञ्ज, काठमाडौं । सम्पर्क नं. ९८५५०७१६१९

**लागु औषधबाट बचौं र बचाऔं !**

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
**१७ नं. वडा कार्यालय**
हेटौंडा, मकवानपुर

## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**आर्थिक विकास महाशाखा (पशुपन्छी विकास शाखा)**
हेटौंडा, मकवानपुर

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना !

*(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८१।१०।१६ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अनुसार तपशिलका कार्यक्रमहरु स्थानीय तहमा बिनियोजन शसर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम सञ्चालन गर्न उपमहानगरपालिका क्षेत्र भित्रका सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सहकारी/निजी क्षेत्रहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति: २०८१।१०।३०गते) भित्रमा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारबाही गरिने छैन ।

**तपशिल:**

| क्र.सं | कार्यक्रमको नाम | वडा | बजेट | साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि व्यवसाय (मासु प्रशोधन तथा बजारीकरण) प्रवर्द्धन कार्यक्रम | हे-३ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| २ | पन्छी (लोकल कुखुरा) प्रवर्द्धन कार्यक्रम | हे-१६ | ५,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| ३ | पन्छी (लोकल कुखुरा) प्रवर्द्धन कार्यक्रम | हे-३ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| ४ | पशुपालन (पाडापाडी प्रवर्द्धन कार्यक्रम) | हे-१५ | १०,००,०००। | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| ५ | पशुपालन प्रवर्द्धन कार्यक्रम | हे-६ | ५,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| ६ | पशुपालन प्रवर्द्धन कार्यक्रम (पाडापाडी) | हे-१२ | ५,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| ७ | पशुपालन प्रवर्द्धन कार्यक्रम | हे-७ | १२,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| ८ | पशुपालन प्रवर्द्धन (गाईपालन) कार्यक्रम | हे-८ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |
| ९ | बाखा प्रवर्द्धन कार्यक्रम | हे-३ | १०,००,०००।- | पुँजिगततर्फ कम्तिमा २० प्रतिशत र चालुतर्फ कम्तिमा ५० प्रतिशत | सार्वजानिक संस्था/कृषि प्राविधिक शिक्षालय/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सरकारी/निजी क्षेत्र | |

**आवश्यक कागजातहरू:**
१. निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२. संस्थाको हकमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (नवीकरण सहित), कर चुक्ता र कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र लेखा परीक्षण प्रतिवेदन ।
४. कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
५. प्रस्ताव अनुसारको लागत अनुमान ।
६. कृषक समूह/समिति/सहकारी संस्थाले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाएको पत्र ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
८. सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस पत्र ।
९. दोहोरो अनुदान नलिएको स्वघोषणा पत्र ।
(**नोट:** विगत ३ वर्षदेखि कुनैपनि संघ, प्रदेश तथा स्थानीय सरकारबाट सम्बन्धित शीर्षकमा अनुदान नलिएको हुनुपर्नेछ । निबेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, पशुपन्छी विकास शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।)

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा, हेटौंडा**
**सम्पर्क मो. ९८४५९६७१८०, ०५७-५९०१०२**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना